# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

# मार्जिन कारोबार सुविधा सम्बन्धी कार्यविधि, २०७५

धितोपत्रको मार्जिन कारोवारलाई सुरक्षित, पारदर्शी एवं व्यवस्थित बनाउन नेपाल धितोपत्र बोर्डको निर्देशनमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "मार्जिन कारोबार सम्बन्धी कार्यविधि २०७५" रहेको छ ।

(ख) यो कार्यविधि नेपाल स्टक एक्सचेन्ज लिमिटेडले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागिः

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनुपर्छ ।

(ग) "नेप्से" भन्नाले नेपाल स्टक एक्सचेञ्ज लिमिटेड सम्झनुपर्छ ।

(घ) "सिडिएससि" भन्नाले केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ७ अनुसार बोर्डबाट अनुमतिपत्र प्राप्त सिडिएस एण्ड क्लियरिङ लिमिटेड सम्झनुपर्छ ।

(ङ) "लगानीकर्ता" भन्नाले धितोपत्र कारोबारको लागि खरिद वा बिक्रीको आदेश दिने व्यक्ति वा संस्था तथा धितोपत्र कारोबारसंग सम्बन्धित राफसाफ तथा फर्छ्यौट गर्न निर्देशन दिने व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(च) "सदस्य दलाल व्यवसायी" भन्नाले नेप्सेले धितोपत्र कारोबारका लागि आफ्नो प्रणालीमा पहुँच दिएको संस्थालाई सम्झनुपर्छ ।

(छ) "राफसाफ सदस्य" भन्नाले सिडिएससिले राफसाफ तथा फर्छ्यौट कार्य गर्न सदस्यता दिएको संस्था सम्झनुपर्छ ।

(ज) "मार्जिन कारोबार (Margin Trading)" भन्नाले सदस्य दलाल व्यवसायी मार्फत तोकिएको मार्जिन राखी गरिने सेयर खरिदबिक्री गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(झ) "सुरु मार्जिन (Initial Margin)" भन्नाले मार्जिन कारोबार गर्नु पूर्व सदस्य दलाल व्यवसायीले लगानीकर्तालाई मार्जिन खातामा जम्मा गर्न लागाउने रकमलाई सम्झनुपर्दछ ।

(ञ) “वास्तविक मार्जिन (Actual Margin)” भन्नाले मार्जिन कारोबार पश्चात् लगानीकर्ताको मार्जिन खातामा रहेको कुल सम्पत्तिमा लगानीकर्ताको खुद सम्पत्तिको प्रतिशतलाई सम्झनुपर्दछ ।

(ट) “सम्भार मार्जिन (Maintenacne Margin)” भन्नाले मार्जिन कारोबार पश्चात लगानीकर्ताले मार्जिन खातामा कायम गर्नुपर्ने न्यूनतम वास्तविक मार्जिन प्रतिशतलाई सम्झनुपर्दछ ।

(ठ) “मार्जिन खाता (Margin Account)” भन्नाले सदस्य दलाल व्यवसायीले लगानीकर्ताको मार्जिन कारोबार सम्बन्धी हिसाब राख्ने खातालाई सम्झनुपर्दछ ।

(ड) “मार्जिन कारोबार पुल खाता (Margin Pool Account)” भन्नाले लगानीकर्ताले मार्जिन कारोबार अन्तर्गत खरिद गरेको धितोपत्र जम्मा हुने एक छुट्टै हितग्राही खाता सम्झनुपर्दछ ।

(ढ) “मार्जिन ऋण (Margin Loan)” भन्नाले मार्जिन कारोबारमा लगानीकर्ताले बुझाएको सुरु मार्जिन (Initial Margin) रकम भन्दा सदस्य दलाल व्यवसायीले ऋण स्वरुप लगानी गरेको थप रकमलाई सम्झनुपर्दछ ।

(ण) “खुद सम्पत्ति (Net Worth)” भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पुर्नमूल्याङ्कनवाट सृजित कोष बाहेक) को कूलजोडमा सञ्चित नोक्सानीको कूल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पर्छ ।

## परिच्छेद - २

## मार्जिन कारोबारका लागि अनुमतिपत्र सम्बन्धी व्यवस्था

**३. अनुमतिपत्र प्राप्त गर्नुपर्नेः** (१) मार्जिन कारोबार सुविधा उपलब्ध गराउन इच्छुक सदस्य दलाल व्यवसायीले नेप्सेबाट अनुमतिपत्र प्राप्त गर्नु पर्नेछ ।

(२) सदस्य दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा उपलब्ध गराउन नेप्सेमा अनुसूची- १ मा उल्लेख भए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) मार्जिन कारोबार सुविधा उपलब्ध गराउने सदस्य दलाल व्यवसायीको खुद सम्पत्ति कम्तिमा पाँच करोड रुपैयाँ हुनु पर्नेछ । नेप्सेले खुद सम्पत्ति सम्बन्धी प्रावधान बोर्डलाई पूर्व जानकारी दिई समय समयमा हेरफेर गर्न सक्नेछ ।

(४) उपदफा (३) मा उल्लेख भए बमोजिमको सम्पत्ति अनुसूची-२ बमोजिमको ढाँचामा लेखापरीक्षकबाट प्रमाणित गरिएको हुनुपर्छ ।

(५) मार्जिन कारोबार सुविधा उपलब्ध गराउन इच्छुक सदस्य दलाल व्यवसायीले बोर्डको अनुमतिपत्र र नेप्सेको सदस्यता नवीकरण गरेको हुनु पर्नेछ ।

(६) मार्जिन कारोबार सुविधा उपलब्ध गराउन इच्छुक सदस्य दलाल व्यवसायी कम्पनीको सञ्चालक समितिले सो सम्बन्धमा गरेको निर्णयलाई निवेदन साथ संलग्न गर्नु पर्नेछ ।

**४. नेप्सेले जाँचबुझ गर्ने:** नेप्सेले सदस्य दलाल व्यवसायीबाट मार्जिन कारोबार सेवा प्रदान गर्ने अनुमतिपत्र प्राप्त गर्न दिएको निवेदन तथा संलग्न कागजातहरुको जाँचबुझ गर्नेछ ।

**५.अनुमतिपत्र प्रदान गर्ने:** सदस्य दलाल व्यवसायीबाट प्राप्त निवेदन तथा कागजात जाँचबुझ पश्चात् सन्तोषजनक देखिएमा नेप्सेले मार्जिन कारोबार सेवा उपलब्ध गराउने अनुमतिपत्र प्रदान गर्न सक्नेछ र सोको जानकारी बोर्डलाई समेत गराउनेछ ।

**६. अनुमतिपत्र नवीकरण:** (१) सदस्य दलाल व्यवसायीले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र रु. १०,०००।- (दस हजार रुपैयाँ) अनुमतिपत्र नविकरण शुल्क सहित नेप्सेमा निवेदन दिएर मार्जिन कारोबार सेवा उपलब्ध गराउने अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा तोकिएअनुसार नवीकरणका लागि निवेदन नदिएमा अनुमतिपत्र स्वतः खारेज हुनेछ ।

(३) अनुमतिपत्र खारेज भएको सदस्य दलाल व्यवसायीले पुनः नयाँ प्रक्रिया सुरु गरी मार्जिन कारोबार सेवा उपलब्ध गराउन निवेदन दिनुपर्नेछ ।

(४) यसरी अनुमतिपत्र खारेज भएको एकवर्ष ब्यतित नभए सम्म नयाँ अनुमतिपत्रको लागि निवेदन दिन पाईने छैन ।

**७. अनुमतिपत्र स्थगन तथा खारेजी:** (१) सदस्य दलाल वयवसायीले यस कार्यविधिको प्रतिकूल हुने गरी लगानीकर्ताको अहित हुने कार्य गरेको नेप्सेको छानविन तथा सुपरिवेक्षणबाट ठहर हुन आएमा सदस्य दलाल व्यवसायीलाई प्रदान गरेको मार्जिन कारोबार सुविधा उपलब्ध गराउने अनुमतिपत्र स्थगन वा खारेजी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज भएमा सदस्य दलाल व्यवसायीले सम्झौतामा उल्लेखित अवधिसम्म दायित्वबाट उन्मुक्ति पाउने छैन ।

## परिच्छेद- ३

## मार्जिन कारोबारयोग्य धितोपत्र सम्बन्धी व्यवस्था

**८. कारोवार योग्य धितोपत्रमा मार्जिन कारोबार सेवा दिनुपर्नेः** (१) मार्जिन कारोबार सेवा उपलब्ध गराउन अनुमतिपत्र प्राप्त सदस्य दलाल व्यवसायीले आफ्ना लगानीकर्तालाई नेप्सेले देहाय अनुसार तोकेको धितोपत्रमा मात्रै मार्जिन कारोबार सुविधा दिनु पर्नेछ ।

(क) कम्तिमा १० हजार सेयरधनी भएको ।

(ख) कम्पनीको खुद सम्पत्ति चुक्ता पुँजी भन्दा कम नरहेको ।

(ग) पछिल्लो दुई आर्थिक वर्षमा कम्तिमा दस प्रतिशत लाभांश वितरण गरेको ।

(घ) दोस्रो बजारमा अघिल्लो आर्थिक वर्षभर कम्तिमा असी प्रतिशत कारोबार दिनमा सेयर कारोबार भएको ।

(ङ) आर्थिक वर्षको प्रथम ६ महिनाभित्रै वार्षिक साधारण सभा सम्पन्न गरेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि योग्यता सम्बन्धी शर्तहरु बोर्डको स्वीकृति लिई नेप्सेले समयसमयमा हेरफेर गर्न सक्नेछ ।

(३) सदस्य दलाल व्यवसायी उपदफा (१) बमोजिम योग्य सबै कम्पनीहरुको सेयरमा मार्जिन कारोबार सुविधा प्रदान गर्न वाध्य हुने छैन ।

**९. सूची तयार गर्ने :** (१) नेप्सेले प्रत्येक आर्थिक वर्षका लागि मार्जिन कारोबारयोग्य धितोपत्रको सूची सार्वजनिक गर्नेछ ।

(२) उपदफा (१) मा तोकिएबमोजिम तयार गरिएको सूचीलाई नेप्सेले प्रत्येक आर्थिक वर्ष समाप्त भएको सात महिनाभित्र अद्यावधिक गर्नेछ ।

(३) उपदफा (२) अनुसार सूची अध्यावधिक गर्दा कुनै कम्पनी मौजुदा सूचीवाट हट्न गएमा त्यस्तो कम्पनीका लागि प्रदान गरेको मार्जिन सुविधा तीस कार्य दिन भित्र राफसाफ गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## मार्जिन खाता सुरु तथा सम्भार मार्जिन सम्बन्धी व्यवस्था

**१०. मार्जिन खाता खोल्नुपर्ने :** (१) लगानीकर्ताले मार्जिन कारोबार सुविधा उपयोग गर्नका लागि सदस्य दलाल व्यवसायी समक्ष मार्जिन कारोबार खाता खोल्न निवेदन दिनुपर्नेछ ।

(२) सदस्य दलाल व्यवसायीले लगानीकर्ताबाट उपदफा (१) बमोजिमको निवेदन तथा बोर्डले तोके अनुसारको ग्राहक परिचय विवरण (KYC) प्राप्त गर्नुपर्नेछ ।

(३) सदस्य दलाल व्यवसायीले उपदफा (१) तथा (२) बमोजिम निवेदन तथा ग्राहक परिचय प्राप्त गरेपश्चात ग्राहकसँग दफा १५ बमोजिमको सम्झौता गरी निजका नाममा मार्जिन कारोबारका लागि अलग्गै खाता खोली मार्जिन कारोबार सुविधा उपलब्ध गराउनुपर्नेछ ।

**११.सुरु मार्जिनः** (१) सदस्य दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा उपलब्ध गराउन सम्बन्धित धितोपत्रको १८० दिनको औसत अन्तिम बजार मूल्य वा बजार मूल्य मध्ये जुन कम हुन्छ सो को ५० प्रतिशतले हुन आउने रकम लगानीकर्तासंग आदेश दिनु पूर्व नै सुरु मार्जिन (Initial Margin) को रुपमा लिनु पर्नेछ ।

तर धितोपत्रको दोस्रो बजारको अवस्था तथा सम्बन्धित धितोपत्रमा हुन सक्ने निहित जोखिमलाई ध्यानमा राखी सदस्य दलाल व्यवसायीले पचास (५० ) प्रतिशत भन्दा बढी प्रारम्भिक मार्जिन लगानीकर्तासँग लिन सक्नेछ ।

(२) सदस्य दलाल व्यवसायीले प्रत्येक लगानीकर्ताको मार्जिन खाताको वास्तविक मार्जिन (Actual Margin) दैनिक रुपमा अनुसूची-३ बमोजिम गणना गर्नुपर्नेछ ।

**१२.सम्भार मार्जिनः** (१) मार्जिन कारोबार सुविधाको लागि सम्भार मार्जिन चालिस (४०) प्रतिशत हुनेछ ।

(२) सदस्य दलाल व्यवसायीले बजारको अवस्था तथा जोखिम हेरी लगानीकर्ताबाट मार्जिन खातामा प्रत्येक दिन कारोबारको अन्तिम मूल्यको आधारमा न्यूनतम चालिस (४०) प्रतिशत वास्तविक मार्जिन कायम गर्नु पर्नेछ ।

**१३. मार्जिन कलः** (१) मार्जिन कारोबार सुविधा उपभोग गर्ने लगानीकर्ताको मार्जिन खाताको वास्तविक मार्जिन चालिस (४०) प्रतिशत भन्दा कम हुन आएमा सदस्य दलाल व्यवसायीले सम्बन्धित लगानीकर्तालाई मार्जिन कल गर्नेछ ।

(२) उपदफा (१) अनुसार मार्जिन कल गरेको दोस्रो कार्य दिनभित्र सम्बन्धित लगानीकर्ताले नगद वा मार्जिन कारोवार योग्य धितोपत्रहरु जम्मा गरी वास्तविक मार्जिन चालिस (४०) प्रतिशत भन्दा माथि कायम गर्नु पर्नेछ ।

(३) वास्तविक मार्जिन चालिस (४०)  प्रतिशत भन्दा माथि कायम गर्न लगानीकर्ताको हितग्राही खाताबाट मार्जिन खातामा धितोपत्र स्थानान्तरण गर्दा नियमानुसार शुल्क लाग्नेछ ।

(४) मार्जिन कल गरेको तेस्रो कार्यदिनभित्र सम्बन्धित लगानीकर्ताले वास्तविक मार्जिन चालिस (४०)  प्रतिशत भन्दा माथि नपुऱ्याएमा वा मार्जिन खाता अन्तर्गतका धितोपत्रहरुको बजार मूल्यमा आएको परिवर्तनले सो मार्जिन चालिस (४०)  प्रतिशत भन्दा माथि कायम हुन नसकेमा सदस्य दलाल व्यवसायीले चौथो कार्यदिनमा वास्तविक मार्जिन चालिस (४०)  प्रतिशत भन्दा माथि कायम गर्नका लागि आवश्यक पर्ने मार्जिन खाता अन्तर्गतका कुनै पनि धितोपत्र बिक्री गर्न सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि मार्जिन कल गरेपश्चात कुनै पनि समयमा मार्जिन खातामा लगानीकर्ताको वास्तविक मार्जिन तीस (३०) प्रतिशत वा सो भन्दा तल आएमा सदस्य दलाल व्यवसायीले लगानीकर्ताको मार्जिन खातामा वास्तविक मार्जिन चालिस (४०)  प्रतिशत भन्दा माथि कायम गर्न आवश्यक पर्ने धितोपत्रहरु बिक्री गर्नेछ । यसरी धितोपत्र बिक्री गर्दा सदस्य दलाल व्यवसायीलाई लगानीकर्ताको अनुमति आवश्यक पर्ने छैन् ।

(६) उपदफा (५) को अवस्था र मार्जिन कर्जाको भाखा समाप्त भई नवीकरण नभएको वा नगद भुक्तानी गरी मर्जिन कर्जा चुक्ता नगरेको अवस्थामा बाहेक सदस्य दलाल व्यवसायीले अन्य कुनै कारणले मार्जिन खातामा रहेका शेयर बिक्री गर्न सक्ने छैन ।

(७) मार्जिन खाता अन्तर्गत रहेका धितोपत्रहरुमा सूचीकृत संगठित संस्थाहरुले  बोनस शेयर जारी गर्ने भएमा दाखिल खारेज बन्द (Book close) पश्चात् मार्जिन खाताको वास्तविक मार्जिन गणना गर्दा उक्त धितोपत्रहरुले प्राप्त गर्ने बोनस शेयरलाई बजार मूल्यको पचास (५०) प्रतिशत मूल्याङ्कन गरिनेछ ।

(८) उपदफा (७) बमोजिमको अवस्थामा प्राप्त हुने बोनस शेयर स्वतः धितो बन्धकमा जानेछ ।

(९) मार्जिन खाता अन्तर्गत रहेका धितोपत्रहरुमा सूचीकृत संगठित संस्थाको विषेश वा साधारण सभाले हकप्रद शेयर जारी गर्ने भएमा सदस्य दलाल व्यवसायीले हकप्रदको अनुपात हेरी उक्त धितोपत्रहरुको लाीग मात्र छुट्टै सम्भार मार्जिन तोक्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम सम्भार मार्जिन भन्दा वास्तविक मार्जिन कम हुन आएमा ७ (सात) कार्य दिनको समय दिई वास्तविक मार्जिन संभार मार्जिन भन्दा माथि कायम गर्न सदस्य दलाल व्यवसायीले निश्चित प्रतिशत मार्जिन कल गर्न सक्नेछ । ७ (सात) कार्य दिनमा व्यवसायीले तोकेको सम्भार मार्जिन कायम गर्न नसकेमा आठौं कार्य दिन पश्चात् वा खता बन्द (Book Close) हुनु भन्दा ५ (पाँच) दिन अगावै वास्तविक मार्जिन सम्भार मार्जिन भन्दा माथि कायम गर्नका लागि आवश्यक पर्ने मार्जिन खाता अन्तर्गतका कुनै पनि धितोपत्रहरु बिक्री गर्न सक्नेछ ।

यस प्रयोजनको लागि व्यवसायीले तोकेको मार्जिनका कारणले वा सोही अवधिमा बजार घट्न गई बास्तविक मार्जिन तीस (३०) प्रतिशत भन्दा कम हुन आएमा सदस्य दलाल व्यवसायीले उपदफा ५ बमोजिम गर्न सक्नेछ ।

(११) मार्जिन खाता अन्तर्गत रहेका धितोपत्रहरुको कारोबार मर्जर, एक्युजिसन वा अन्य कुनै कारणले बन्द भएको अवस्थामा सो धितोपत्र समावेश भएको समूहगत परिसूचक बीस (२०) प्रतिशत भन्दा धेरैले घटेमा सम्बन्धित लगानीकर्तालाई सात (७) दिनको समय दिई उक्त धितोपत्र बापतको मार्जिन ऋण तथा सोसंग सम्बन्धित अन्य दायित्व चुक्ता गर्न सदस्य दलाल व्यवसायीले सूचित गर्न सक्नेछ ।

(१२) उपदफा ११ बमोजिम सूचित गरेको सात (७) कार्य दिनभित्र उक्त धितोपत्र बापतको मार्जिन ऋण चुक्ता नगरेमा मार्जिन खाता अर्न्तगतका अन्य शेयर बिक्रि गरी उक्त धितोपत्र वापतको मार्जिन कर्जा असुल उपर गर्न सदस्य दलाल व्यवसायीले सेयर बिक्री गर्न सक्नेछ । मार्जिन कर्जा अन्तगत रहेका अन्य धितोपत्रहरु नरहे वा रहेका धितोपत्रहरुले हिसाव राफसाफ हुन नसकेमा उपदफा ११ बमोजिको शेयरहरु नेप्सेले उपलब्ध गराएको प्रणाली मार्फत बिक्री गरी मार्जिन कर्जाको हिसाब राफसाफ गर्न सक्नेछ ।

(१३) मार्जिन कल पश्चात नगद वा थप धितोपत्र जम्मा गरिएको मार्जिन खातामा रहेका धितोपत्रको बजार मूल्य वृद्धि भई वास्तविक मार्जिन सुरु मार्जिन भन्दा बढी हुन गएमा सम्बन्धित लगानीकर्ताले वास्तविक मार्जिन सुरु मार्जिन भन्दा कम नहुने गरी थपिएको नगद वा धितोपत्र फिर्ता लिन वा बिक्री गर्न सक्नेछ ।

(१४) सदस्य दलाल व्यवसायीले सेयर बिक्री पश्चात सम्बन्धित लगानीकर्तासँग हिसाव फछ्र्यौट गरी सोको जानकारी नेप्सेलाई गराउनु पर्नेछ ।

## परिच्छेद - ५

## स्रोत तथा स्रोत परिचालनसम्बन्धी व्यवस्था

**१४. स्रोत तथा हिसाब किताबः** (१) सदस्य दलाल व्यवसायीले मार्जिन कारोबारका लागि आवश्यक रकम  कम्पनीको आफ्नै स्रोत (नगद तथा स्वतन्त्र जगेडा) तथा वाणिज्य बैंकसँग ऋण लिई लगानी गर्न सक्नेछ ।

(२) सदस्य दलाल व्यवसायीले आफ्नो प्रमाणित खुद सम्पत्तिको दुई गुणासम्म मार्जिन कारोवार सुविधा उपलब्ध गराउन सक्नेछ ।

(३) सदस्य दलाल व्यवसायीले कुनै एक लगानीकर्ता (निजको एकाघरको परिवार समेत) लाई गरी आफ्नो खुद सम्पत्तिको दस (१०) प्रतिशतभन्दा बढी हुने गरी मार्जिन कारोबार सुविधा प्रदान गर्न सक्ने छैन् ।

(४) मार्जिन कारोबार अर्न्तगत खरिद भएका धितोपत्रहरु राफसाफ भए पश्चात् सदस्य दलाल व्यवसायीले मार्जिन कारोबारका लागि खोलेको छुट्टै मार्जिन कारोबार पुल खाता (Margin Pool Account) मा राख्नु पर्नेछ ।

(५) मार्जिन कारोबारका लागि सदस्य दलाल व्यवसायीले आफ्नो खुद सम्पत्ति (Net Worth) मध्ये कम्पनी सञ्चालन र नियमित राफसाफको लागि दुई करोड रुपैयाँ कम्पनीमा रिजर्भ राखी सो भन्दा बढी रकम मात्र लगानी गर्न पाउने छन् ।

(६) सदस्य दलाल व्यवसायीले मार्जिन कारोबारमा प्रयोग गरेको आफ्नो स्रोत तथा वाणिज्य बैंकबाट लिएको ऋण, लगानीकर्ताले दिएको सुरु तथा थप मार्जिन रकम, लगानीकर्ताले खरिद बिक्री गरेको धितोपत्र, लगानीकर्ताले प्राप्त गर्ने लाभ (नगद लाभांश, बोनस शेयर तथा हकप्रद शेयर) लगानीकर्तासंग लिएको ब्याज तथा सेवा शुल्क, आफूले भुक्तानी गरेको ब्याज तथा सेवा शुल्क आदिको विवरण छुट्टाछुट्टै अभिलेख राख्नु पर्नेछ ।

(७) सदस्य दलाल व्यवसायीसँग लगानीकर्ताले लिएको मार्जिन खरिदसँग सम्बन्धित सम्पूर्ण दायित्व चुक्ता गरेपश्चात् मार्जिन खातामा रहेको नगद तथा धितोपत्र लगानीकर्तालाई फिर्ता दिनु पर्नेछ । यसरी मार्जिन कारोबार खाताबाट लगानीकर्ताको हितग्राही खातामा धितोपत्र हस्तान्तरण गर्नु पर्नेछ ।

(८) सदस्य दलाल व्यवसायीले लगानीकर्ताको रकमबाट कुनै प्रकारको मार्जिन कारोबार सुविधा प्रदान गर्न पाउने छैन ।

(९) सदस्य दलाल व्यवसायीले बजारको निहित जोखिमलाई मध्यनजर गर्दै लगानीकर्तालाई यथासम्भव लगानी विविधिकरण गर्न लगाउनु पर्नेछ । सदस्य दलाल व्यवसायीले लगानीकर्ताहरुलाई आफ्नो कुल मार्जिन कारोबार सुविधा प्रदान गर्दा कुनै एक धितोपत्रमा दस ( १०) प्रतिशतको सीमा नबढ्ने गरी मार्जिन कारोबार सेवा उपलब्ध गराउनु पर्दछ ।

## परिच्छेद - ६

## सदस्य दलाल व्यवसायी तथा लगानीकर्तासम्बन्धी व्यवस्था

**१५.सम्झौता गर्नुपर्नेः** सदस्य दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा उपलब्ध गराउन लगानीकर्तासँग अनुसूची -४ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ । यसरी सम्झौता गर्दा लगानीकर्ताले एक सदस्य दलाल व्यवसायीबाट मात्र कारोबार गर्ने स्वःघोषणा गर्नुपर्नेछ ।

**१६. लगानीकर्ताको साख योग्यता**: सदस्य व्यवसायलीले लगानीकर्ताको पर्याप्त मात्रामा साख योग्यता अध्ययन गरी सन्तुष्ट भएको अवस्थामा मात्र मार्जिन कारोबार सुविधा प्रदान गर्नुपर्छ ।

**१७. अभिलेख राख्नुपर्ने**: सदस्य दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा अर्न्तगत खरिद गरिएको शेयरको विवरण तथा मार्जिन रकमको विवरण प्रत्येक लगानीकर्ताअनुसार छुट्टाछुट्टै अभिलेख बनाई राख्नुपर्नेछ ।

## परिच्छेद - ७

## विविध

**१८. अभिलेख तथा विवरण**: (१) सदस्य दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद भएको शेयर दैनिक रुपमा कारोबार गर्दा वा कारोवार पश्चात् वा राफसाफको समयमा पहिचान गरी राख्नुपर्नेछ ।

(२) मार्जिन सुबिधा लिई भएका कारोबारको विवरण सदस्य दलाल व्यवसायी, लगानीकर्ता तथा धितोपत्र अनुसार नेप्सेले छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ ।

**१९. सूचना सम्प्रेषण**: (१) सदस्य दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा अर्न्तगत भएको कारोबारको विवरण अनुसूची-५ बमोजिमको ढाँचामा कारोबार भएको दोस्रो कार्यदिनको मध्यान्ह १२ बजेसम्म नेप्सेलाई उपलब्ध गराउनुपर्ने छ र उक्त विवरण साप्ताहिक रुपमा बोर्डलाई समेत जानकारी गराउनु पर्नेछ ।

(२) नेप्सेले अनुसूची - ५ बमोजिमको विवरण प्राप्त गर्न आवश्यक विद्युतीय संयन्त्रको विकास गरी लागू गर्नेछ ।

(३) हरेक दिन भएको मार्जिन कारोबार सुविधा अन्तर्गतको कारोबारलाई नेप्सेले अनुसुची- ६ को ढाँचामा दोस्रो कार्यदिनमा आफ्नो वेभसाईटमार्फत सम्प्रेषण गर्नेछ ।

**२०. लेखा परीक्षण :** सदस्य दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा अर्न्तगत कारोवार भएको शेयरको हिसाबकिताब तथा लेखा वार्षिक रुपमा लेखापरीक्षण गराई बोर्ड र नेप्सेलाई आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्नुपर्नेछ ।

**२१. गुनासो तथा समस्याको समाधान**: (१) नेप्सेले मार्जिन कारोबार सुविधा अन्तर्गत भए/गरेका कामकार्वाही सम्बन्धी गुनासो व्यवस्थापन गर्नेछ ।

(२) सदस्य दलाल व्यवसायी र लगानीकर्ताबीच कुनै विवाद सिर्जना भएमा सोको समाधान गर्ने व्यवस्था नेप्सेले गर्नेछ ।

(३) लगानीकर्ताको मृत्यु भएमा यस सम्बन्धी दायीत्व निजको हकवालामा हस्तान्तरण हुनेछ । निजको हकवालाले मार्जिन ऋण तथा सम्बन्धित अन्य दायित्वहरु चुक्ता गरेमा सदस्य दलाल व्यवसायीले धितोपत्रहरु मृतकको हितग्राही खातामा हस्तान्तरण तथा नगद बाँकी रहेमा मृतकको नाममा खाता दाखिला चेक जारी गर्नुपर्नेछ । मृतकको हकवलाले यस्तो दायित्व चुक्ता नगरेको परिस्थितिमा कर्जाको भाखा समाप्त भएमा वा मार्जिन कल गर्ने परिस्थिति आएमा सदस्य दलाल व्यवसायीले आफनो लेना असुल उपर गर्ने हदसम्मको धितोपत्रहरु बिक्री गरी बाँकी रहेको धितोपत्रहरु मृतकको हितग्राही खातामा हस्तान्तरण तथा नगद बाँकी रहेमा मृतकको नाममा खाता दाखिला चेक जारी गर्नु पर्नेछ ।

(४) मार्जिन खरिद अर्न्तगत धितोपत्र खरिद गरे पश्चात लगानीकर्ता कर्जा सूचना केन्द्रको कालो सूचीमा परी मार्जिन कल गर्ने परिस्थिति आई आवश्यक सम्भार मार्जिन कायम नगरेमा सदस्य दलाल व्यवसायीले आफनो लेना रकम असुल उपर गर्ने हदसम्मको धितोपत्रहरु बिक्री गरी बाँकी रहेको धितोपत्रहरु निजको हितग्राही खातामा हस्तान्तरण तथा नगद बाँकी रहेमा खाता दाखिला चेक मार्फत भुक्तानी दिनु पर्नेछ ।

(५) मार्जिन कारोवार सुविधा प्रदान गर्ने सदस्य दलाल व्यवसायी दामासाहीमा परेमा अन्य लगानीकर्ताको दायीत्व भुक्तानी भन्दा अगाडी मार्जिन कारोवार गर्ने लगानीकर्ताको दायीत्व भुक्तानी गर्नु पर्नेछ ।

२२. **ऋण वा सापटी लिन नपाउने:** अनुमतिपत्र प्राप्त सदस्य दलाल व्यवसायीको संस्थापक, संचालक र अधिकारिक प्रतिनिधिले आफ्नो कम्पनीबाट कुनै प्रकारको ऋण वा सापटी लिनपाउने छैन ।

**<u>अनुसूची -१</u>**

**<u>दफा -३ (२) सँग सम्बन्धित</u>**

**<u>मार्जिन कारोबार सुविधा उपलब्ध गराउने अनुमतिपत्रका लागि निवेदनको ढाँचा</u>**

मिति

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
<u>भद्रकाली, काठमाडौं</u> ।

विषय : **<u>अनुमतिपत्र प्रदान गर्ने बारे ।</u>**

उपरोक्त सम्बन्धमा सदस्य व्यवसायी दलाल-नं. ......, (कम्पनीको नाम)......................... मार्जिन करोबार सुविधा उपलब्ध गराउन इच्छुक रहेकोले आवश्यक कागजात तथा अनुमतिपत्र शुल्क रु. २०,०००।- (बिस हजार रुपैयाँ मात्र) सहित मार्जिन कारोबार सुविधासम्बन्धी कार्यविधि, २०७५ बमोजिम यो निवेदन पेश गरेको छु ।

कार्यकारी प्रमुख

नाम : ...........................

निवेदक कम्पनी वा संगठित संस्थाको नाम : ..................................

ठेगाना : ..........................................................................

फोन : ..................................................

फ्याक्स नं. : ......................................

ईमेल : ..............................................

**संलग्न कागाजातहरु**

क) नेप्सेको सदस्यता प्रमाणपत्रको प्रतिलिपि

ख) लेखा परीक्षकबाट प्रमाणित खुद सम्पत्तिसम्बन्धी विवरण

ग) कर चुक्ता प्रमाणपत्र वा कर दाखिला को निस्सा

घ) नेप्सेले माग गरेका अन्य आवश्यक कागजात तथा विवरणहरु

## अनुसूची -२

## दफा -३ (४) सँग सम्बन्धित

## लेखा परीक्षकले खुद सम्पत्ति प्रमाणीत गरिदिने ढाँचा

मिति

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

भद्रकाली, काठमाडौं ।

विषय : **प्रमाणित गरिएको बारे ।**

उपरोक्त सम्बन्धमा सदस्य दलाल-नं. ……, (कम्पनीको नाम)…………………………………… को आर्थिक वर्ष ……………मा खुद सम्पत्ति …………………………रु. बराबर रहेको प्रमाणित गरिन्छ । खुद सम्पत्ति गणना गर्दा चुक्ता पूँजी रु …………………………… रहेको र साधारण संचिती जगेडा रु …………………………… रहेको व्यहोरा समेत अवगत गराउँदछौं ।

आधिकारिक हस्ताक्षर

लेखा परीक्षक : ………………………

लेखा परीक्षक नम्बर : ………………………

छाप :

## अनुसूची -३

## दफा -११ (२) सँग सम्बन्धित

## वास्तविक मार्जिन गणना विधि

$$\text{वास्तविक मार्जिन प्रतिशत} = \frac{(\text{धितोपत्रको बजार मूल्य + नगद}) - \text{मार्जिन ऋण रकम}}{\text{धितोपत्रको बजार मूल्य + नगद}} \times १००$$

धितोपत्रको बजार मूल्य = मार्जिन खरिद अन्तर्गत खरिद भएका तथा मार्जिन कल पश्चात् थप गरिएका धितोपत्रहरुको वर्तमान बजार मूल्य

नगद = मार्जिन कल पश्चात थप गरिएको नगद

# <u>अनुसूची -४</u>

## <u>दफा - १५ सँग सम्बन्धित</u>

## <u>सदस्य दलाल व्यवसायी र लगानीकर्ताबीच मार्जिन कारोबार सुविधाका लागि गरिने सम्झौताको ढाँचा</u>

## <u>मार्जिन कारोबारको नमुना सम्झौता</u>

यो सम्झौता (उप्रान्त सम्झौता भनिएको ) आज ............बार, मिति .....................का दिन एक पक्षको रुपमा रहेको कम्पनी रजिष्ट्रारर्ड कार्यलयमा दर्ता भई नेपाल धितोपत्र बोर्ड बाट सदस्य दलाल ब्यवसायीको इजाजत प्राप्त गरी नेपाल स्टक एक्चेञ्ज लि.को सदस्य रहि मार्जिन कारोबार सुविधा प्रदान गर्न योग्य रहेको ............................. ठेगानामा ......................... ....... रजिष्ट्रारर्ड कार्यालय रहेको मेसर्स्.................................. ..... लि. (यहाँ उप्रान्त प्रथम पक्ष भनिने)

**र**

अर्को पक्षको रुपमा प्रथम पक्ष सामु मार्जिन कारोबार सुबिधाको लागि निवेदन दिने दोस्रो पक्ष संकेत नं/युनिक दोस्रो पक्ष कोड .... .....................रहेको/रहेकी ....... ............. .......... ...... स्थायी ठेगना भई हाल ................. ........ ......... स्थानमा बसोबास गर्ने श्री/श्रीमती ........ .............................को. नाती/नातीनी/बुहारी, श्री/श्रीमती ........................... ................. .को छोरा/छोरी बर्ष ..... को श्री/सुश्री/श्रीमती ...... ........ ....... ...........

**वा**

दोस्रो पक्ष संकेत नं/युनिक दोस्रो पक्ष कोड ............रहेको ...... ........ ......... ....... कार्यलयमा दर्ता भई रजिष्ट्रर्ड कार्यालय ................... मा भएको मेसर्स .......... ..... ......... ....... ....... ............ ले (यहाँ उप्रान्त दोस्रो पक्ष भनिने र सो शब्दले विषय वा प्रसंगले अन्यथा अर्थ लगाएकोमा बाहेक निजका उत्तराधिकारीहरु र/वा कानुनी प्रतिनिधिहरु र/वा कार्यान्वयनकताहरु र/वा अनुमतिप्राप्त नामाङ्कित व्यक्तिहरु र/वा प्रशासकहरु र/वा व्यापारिक उत्तराधिकारीहरु समेत लाई जनाउने), बीच सम्पन्न भएको छ ।

### १) व्याख्या र परिभाषाहरु

(क) "माजिन कारोबार (Margin Trading)" भन्नाले प्रथम पक्ष मार्फत तोकिएको मार्जिन राखि गरिने शेयर खरिदबिक्री गर्ने कार्यलाई सम्झनुपर्दछ ।

(ख) "शुरु मार्जिन (Initial Margin)" भन्नाले मार्जिन कारोबार गर्नु पूर्व प्रथम पक्षले दोस्रो पक्षलाई मार्जिन खातामा जम्मा गर्न लागाउने रकमलाई सम्झनु पर्दछ ।

(ग) "वास्तविक मार्जिन (Actual Margin)" भन्नाले मार्जिन खरिद पश्चात दोस्रो पक्षको मार्जिन खातामा रहेको कुल सम्पतीमा दोस्रो पक्षको खुद सम्पतीको प्रतिशतलाई सम्झनु पर्दछ ।

(घ) "सम्भार मार्जिन (Maintenacne Margin)" भन्नाले मार्जिन खरिद पश्चात दोस्रो पक्षले मार्जिन खातमा कायम गर्नुपर्ने न्यूनतम वास्तविक मार्जिन प्रतिशतलाई सम्झनु पर्दछ ।

(ङ) "मार्जिन खाता (Margin Account)" भन्नाले प्रथम पक्षले दोस्रो पक्षको मार्जिन कारोबार सम्बन्धि हिसाब राख्ने खातालाई सम्झनु पर्दछ ।

(च) “मार्जिन कारोबार पुल खाता (Margin Pool Account)” भन्नाले ग्राहकले मार्जिन कारोवार अन्तर्गत खरिद गरेको धितोपत्र जम्मा हुने प्रथम पक्षको एक छुट्टै हितग्राही खाता सम्झनु पर्दछ ।

(छ) “मार्जिन ऋण (Margin Loan)” मार्जिन खरिद कारोबारमा ग्राहकले बुझाएको शुरु मार्जिन (Initial Margin) रकम भन्दा प्रथम पक्षले ऋण स्वरुप लगानी गरेको थप रकमलाई सम्झनु पर्दछ ।

**प्रसंगले अन्यथा अर्थ नलगाएमा :**

१. महिना वा वर्षको उल्लेखले क्यालेण्डर महिना वा आर्थिक वर्षलाई जनाउँदछ ।

२. कार्यदिनमा नपरेका मिति (हरु) को उल्लेखले त्यसभन्दा तत्काल पछिल्लो कार्यदिनलाई जनाएको मानिनेछ ।

## २) दोस्रो पक्षका प्रत्याभूतिहरु

दोस्रो पक्षले प्रथम पक्षलाई निम्न कुराहरुमा प्रत्याभूति, प्रतिनिधित्व र आश्वस्त गर्दछ :

१. निज दोस्रो पक्षलाई यो सम्झौता गर्न तथा यसमा उल्लिखित दायित्वहरु बहन गर्न आवश्यक अख्तियारी प्राप्त छ ।

२. यस सम्झौतामा उल्लिखित शर्त र दायित्वहरुको निज दोस्रो पक्षले रीतपूर्वक पालना एवं कार्यान्वयन गर्नेछ ।

३. बोर्ड/नेप्सेले तोकिदिए बमोजिम प्रथम पक्षले समय समयमा निर्धारण गरेको प्रारम्भिक र सम्भार मार्जिन रकमहरु जम्मा गर्न ।

४. मार्जिन कारोबार अर्न्तगत खरिद भएको शेयरहरु दोस्रो पक्षले मार्जिन ऋण प्रथम पक्षलाई चुक्ता नगरे सम्म प्रथम पक्षको को मार्जिन पुल खातामा राख्न ।

५. कारोबारमा लाग्ने ब्रोकर कमिसन, शुल्कहरु, कारोबार खर्चहरु तथा समय समयमा दोस्रो पक्षको खाता तथा कारोबारमा लागू हुने अन्य कर तथा लागतहरु (मार्जिन कारोबार राफसाफ गर्न प्रथम पक्षले कानूनत कुनै खर्च गर्नु पर्ने भएमा सो समेत) सहित प्रथम पक्षले दोस्रो पक्षलाई पुऱ्याएको सेवाबापतका रकम बुझाउन ।

६. पक्षहरुबीच सहमति गरिएअनुसार यस सम्झौताको कुनै शर्त परिमार्जन भएमा सोको पालना गर्ने ।

७. दोसो पक्षले सम्झौता बाहल रहने अवधिमा भित्र यस किसिमको सुविधा अन्य सदस्य दलाल व्यवसायीसंग नलिन ।

८. दोस्रो पक्ष यस सम्झौता गर्दाको बखत कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको र कानून बमोजिम यो करार गर्न अयोग्य नरहेको तथा मौजुदा योग्यतामा र सम्पर्क ठेगनामा परिर्वतन भएमा प्रथम पक्षलाई यथाशिघ्र जानकारी दिन ।

## ३) प्रथम पक्षको जिम्मेवारी

प्रथम पक्षले निम्न कुराहरुको जिम्मेवारी लिनेछः

१. दोस्रो पक्षबाट शुरु मार्जिन लिई प्रथम पक्षले दोस्रो पक्षकालागि कारोबार गरिदिए पश्चात उक्त कारोबारको राफसाफ गर्ने जिम्मा प्रथम पक्षको हुनेछ ।

## ४) मार्जिन कारोबार सुविधा

१. प्रथम पक्षले दोस्रो पक्षलाई रु......................... (अक्षरेपी .......................................... ) बराबरको मार्जिन कारोबार ऋण सुविधा ....... दिन/महिना/बर्षको लाीग उपलब्ध गराउन मञ्जुर गर्दछ ।

२. प्रथम पक्षले उपलब्ध गराएको मार्जिनका कारोबार ऋण रकम रु. ............. को वार्षिक .............. (अक्षरेपी .......................प्रतिशत)का दरलेहुन आउने ब्याज दोस्रो पक्षले प्रथम पक्षलाई भुक्तानी गर्नुपर्दछ । यसरी तय गरिएको ब्याजदरका वारे प्रथम पक्षले नेपाल धितोपत्र बोर्ड एवं नेपाल स्टक एक्सचेन्ज लि.लाई अग्रिम जानकारी गराउनु पर्नेछ ।

३. यस सम्झौता बहाल रहदा सम्म दोस्रो पक्षले प्रथम पक्ष मार्फत खरिद बिक्री गर्ने धितोपत्रको कारोबार मार्जिन ऋण सुविधा अन्तर्गत हो वा नियमित कारोबार अन्तर्गत को हो सो को अग्रिम रुपमा जानकारी गराउनु पर्नेछ ।

४. सुरु मार्जिनः (१) प्रथम पक्षले मार्जिन कारोबार सुविधा उपलब्ध गराउन सम्बन्धित धितोपत्रको १८० दिनको औसत अन्तिम बजार मूल्य वा बजार मुल्य मध्ये जुन कम हुन्छ सो को ५० प्रतिशतले हुन आउने रकम दोस्रो पक्षसंग आदेश दिनु पूर्व नै सुरु मार्जिन (Initial Margin) को रुपमा लिनु पर्नेछ ।

तर धितोपत्रको दोस्रो बजारको अवस्था तथा सम्बन्धित धितोपत्रमा हुन सक्ने निहित जोखिमलाई ध्यानमा राखि प्रथम पक्षले ५० (पचास) प्रतिशत भन्दा बढि सुरु मार्जिन दोस्रो पक्षसँग लिन सक्नेछ ।

(२) प्रथम पक्षले प्रत्येक दोस्रो पक्षको मार्जिन खाताको वास्तविक मार्जिन (Actual Margin) दैनीक रुपमा गणना गर्नु पर्नेछ ।

५. सम्भार मार्जिनः (१)  मार्जिन कारोबार सुविधाको लागि संभार मार्जिन ४० प्रतिशत हुने छ ।

(२) प्रथम पक्षले बजारको अवस्था तथा जोखिम हेरी दोस्रो पक्षलाई मार्जिन खातामा प्रत्येक दिन कारोबारको अन्तिम मूल्यको आधारमा न्यूनतम ४० प्रतिशत वास्तविक मार्जिन कायम गर्न लगाउन पर्नेछ ।

६. मार्जिन कलः (१) मार्जिन कारोबार सुविधा उपभोग गर्ने दोस्रो पक्षको मार्जिन खाताको वास्तविक मार्जिन ४० प्रतिशत भन्दा तल आएमा प्रथम पक्षले सम्बन्धित दोस्रो पक्षलाई मार्जिन कल गर्नेछ ।

(२) बुँदा (१) अनुसार मार्जिन कल गरेको दोस्रो कार्य दिनभित्र सम्बन्धित दोस्रो पक्षले नगद वा सिडिएसको स्वीकृतीमा मार्जिन कारोबार योग्य धितोपत्रहरु जम्मा गरी वास्तविक मार्जिन ४० प्रतिशत भन्दा माथि कायम गर्नु पर्नेछ ।

(३) वास्तविक मार्जिन ४० प्रतिशत भन्दा माथि कायम गर्न दोस्रो पक्षको हितग्राहि खाताबाट मार्जिन खातामा धितोपत्र स्थानान्तरण गर्दा नियमानुसार शुल्क लाग्नेछ ।

(४) मार्जिन कल गरेको तेस्रो कार्यदिन भित्र सम्बन्धित दोस्रो पक्षले वास्तविक मार्जिन ४० प्रतिशत भन्दा माथि नपुऱ्याएमा वा मार्जिन खाता अन्तर्गतका धितोपत्रहरुको बजार मूल्यमा आएको परिवर्तनले सो मार्जिन ४० प्रतिशत भन्दा माथि कायम हुन नसकेमा प्रथम पक्षले दोस्रो कार्यदिन पश्चात वास्तविक मार्जिन ४० प्रतिशत भन्दा माथि कायम गर्नका लागि आवश्यक पर्ने मार्जिन खाता अन्तर्गतका कुनै पनि धितोपत्र बिक्रि गर्न सक्नेछ ।

(५) बुँदा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि मार्जिन कल गरेपश्चात कुनै पनि समयमा मार्जिन खातामा दोस्रो पक्षको वास्तविक मार्जिन ३० प्रतिशत वा सो भन्दा तल आएमा प्रथम पक्षले दोस्रो पक्षको मार्जिन खातामा वास्तविक मार्जिन ४० प्रतिशत भन्दा माथि कायम गर्न आवश्यक पर्ने धितोपत्रहरु बिक्रि गर्नेछ । यसरी धितोपत्र बिक्री गर्दा प्रथम पक्षलाई दोस्रो पक्षको अनुमति आवश्यक पर्ने छैन् ।

(६) मार्जिन खाता अन्तर्गत रहेका धितोपत्रहरुमा सूचीकृत संगठित संस्थाहरुले  बोनस सेयर जारी गर्ने भएमा दाखिल खारेज बन्द (Book close) पश्चात मार्जिन खाताको वास्तविक मार्जिन गणना गर्दा उक्त धितोपत्रहरुले प्राप्त गर्ने बोनस सेयरलाई बजार मूल्यको ५० प्रतिशत मूयांकन गरीनेछ ।

(७) बुँदा (६) बमोजिमको अवस्थामा प्राप्त हुने बोनस सेयर स्वतः धितोबन्धकमा जानेछ ।

(८) मार्जिन खाता अन्तर्गत रहेका धितोपत्रहरुमा सूचीकृत संगठित संस्थाको बिषेश वा साधारण सभाले हकप्रद सेयर जारी गर्ने भएमा प्रथम पक्षले हकप्रदको अनुपात हेरी उक्त धितोपत्रहरुको लाीग मात्र छुट्टै सम्भार मार्जिन तोक्न सक्नेछ ।

(९) बुँदा (८) बमोजिम सम्भार मार्जिन भन्दा वास्तविक मार्जिन कम हुन आएमा ७ (सात) कार्य दिनको समय दिई वास्तविक मार्जिन संभार मार्जिन भन्दा माथि कायम गर्न प्रथम पक्षले मार्जिन कल गर्न सक्नेछ । ७ (सात) कार्य दिनमा प्रथम पक्षले तोकेको संभार मार्जिन कायम गर्न नसकेमा सातौ कार्य दिन पश्चात वा खता बन्द (Book Close) हुनु भन्दा ५ (पाँच) दिन अगावै वास्तवीक मार्जिन संभार मार्जिन भन्दा माथि कायम गर्नका लागि आवश्यक पर्ने मार्जिन खाता अन्तर्गतका कुनै पनि धितोपत्रहरु बक्रि गर्न सक्नेछ । यस प्रयोजनको लागि प्रथम पक्षले तोकेको मार्जिनका कारणले वा सोहि अवधिमा बजार घट्न गई बास्तविक मार्जिन ३० प्रतिशत भन्दा कम हुन आएमा प्रथम पक्ष ले बुँदा नं ५ बमोजिम गर्न सक्नेछ ।

७. प्रथम पक्षले उपलब्ध गराएको मार्जिन कारोबार ऋण सुविधा र सो संग सम्बन्धित अन्य दायित्व दोस्रो पक्ष भुक्तान गरी दोस्रो पक्षले कुनै पनि समयमा प्रथम पक्षबाट धितोपत्रको डेलिभरी लिन सक्ने छ । अथवा, विकल्पको रुपमा निज दोस्रो पक्षले प्रथम पक्षले शेयरहरुको वास्तविक डेलिभरी लिइसकेपछिको जुनसुकै समयमा प्रथम पक्षलाई बिक्रि आदेश दिई स्टक एक्सचेञ्जमा ती शेयरहरु बिक्री गर्न सक्नेछ ।
८. मार्जिन कारोबार सुविधा अर्न्तगत खरिद गरिएको शेयरहरु उक्त कारोबार राफसाफ हुनु पूर्वनै दोस्रो पक्षले चाहेमा प्रथम पक्षलाई बिक्रि आदेश दिई बिक्रि गर्न सक्नेछ । यस्तो स्थितिमा यदि खरिद गरेको शेयर डेलिभरी हुन नसकी क्लोजआउटका कारण हुनसक्ने नोक्सानी वा खर्चहरुका निम्ति निज दोस्रो पक्ष आफैं जिम्मेवार हुनेछ ।
९. मार्जिन कारोबार ऋण सम्झौता भई सो सम्झौता अर्न्तगत धितोपत्र खरिद गरे पश्चात दोस्रो पक्षको मृत्य भएमा मार्जिन ऋण र सो संग सम्बन्धित दायित्व चुक्ता गर्ने प्रयोजनको लागि प्रथम पक्षले दोस्रो पक्षको धितोपत्रहरु प्रथम पक्षकै नामबाट बिक्रि गर्न सक्नेछ । मार्जिन ऋण सम्बन्धि दायित्वहरु चुक्ता भए पश्चात प्रथम पक्षले दोस्रो पक्षको बाँकि रहेका धितोपत्रहरु मृतकको हितग्राही खातामा हस्तातरण तथा नगद बाँकि रहेमा मृतकको नाममा खाता दाखिला चेक जारी गरि नीजको खातामा जम्मा गरिदिनु पर्नेछ ।
१०. मार्जिन खरिद अर्न्तगत धितोपत्र खरिद गरे पश्चात दास्रो कालोसुचिमा परी कर्जाको भाखा समात्त भएमा वा मार्जिन कल गर्ने परिस्थिती आई आवश्यक संभार मार्जिन कायम नगरेमा प्रथम पक्षले आफनो लेना असुल उपर गर्ने हद सम्मको धितोपत्रहरु बिक्रि गरि बाँकि रहेको धितोपत्रहरु निजको हितग्राही खातामा हस्तातरण तथा नगद बाँकि रहेमा खाता दाखिला चेक मार्फत रकम भुक्तानी दिनु पर्नेछ ।
११. नेपाल स्टक एक्सचेन्जले समय-समयमा निर्णय गरेअनुसारका शेयरको हकमा मात्र मार्जिन कारोबार सुविधा प्रदान गरिनेछ ।
१२. मार्जिन कारोबार सुविधाको सीमा थप गर्न चाही प्रथम पक्षले स्विकृति दिएमा थप सीमा प्राप्त गर्न दोस्रो पक्षले समय समयमा थप मार्जिन रकम जम्मा गर्न सक्नेछ ।
१३. मार्जिन कारोबार सुविधाको हकमा दोस्रो पक्षको स्थितिको निरन्तर अनुगमन एवं समीक्षा प्रथम पक्षले गर्न सक्नेछ ।

**५) सुरक्षणहरुको धितो**

मार्जिन कारोबार अर्न्तगत खरिद भएका धितोपत्रहरु मार्जिन ऋणको सुरक्षणको लागि प्रथम पक्षको मार्जिन कारोबारका लागि खोलेको छुट्टै मार्जिन कारोबार पुल खाता (Margin Pool Account) मा राख्नु पर्नेछ । यस खातामा भएका धितोपत्रहरुमा प्राप्त हुने बोनस तथा हकप्रद धितोपत्रहरु स्वतः मार्जिन ऋण को सुरक्षणको लागि सोहि खातामा रहनेछन् ।

**६) सम्झौताको उल्लंघन र खारेजी**

१. दोस्रो पक्षले यस सम्झौतामा उल्लिखित कुनै पनि शर्तबन्देज उल्लंघन गरेको खण्डमा प्रथम पक्षले तुरुन्त यो सम्झौता भंग गर्न सक्नेछ ।
२. तथापि, निज प्रथम पक्षले आफ्नो तजीबजमा दोस्रो पक्षलाई आफ्नो उल्लंघन सुधार्नका निम्ति सूचनामार्फत एक निश्चित अवधि तोक्न र त्यो अवधि समय-समयमा थप गरिदिन सक्नेछ ।

३. बुँदा १ मा तोकिएको अवस्थामा तत्काल र बुदा नं २ अनुसार तोकिदिएको र थप गरिदिएको समयावधी भित्र दोस्रो पक्षले उल्लंघन नसच्चाएमा यस सम्झौता बमोजिम दोस्रो पक्षका अधिकार समाप्त हुनेछ ।
४. बुँदा नं. ३ को परिस्थितीको सृजना भई यो सम्झौता रद्द वा समाप्त हुन पुगेमा दोस्रो पक्षले ३ (तीन) दिन भित्र प्रथम पक्षसँगका आफ्ना बक्यौताहरु राफसाफ गर्नेछ । तर उक्त समयाबधी भित्र पनि दोस्रो पक्षले राफसाफ नगरेमा प्रथम पक्षले तेस्रो दिन पश्चात दोस्रो पक्षबाट उठाउनुपर्ने बक्यौता रकम उठाउनका लागि मार्जिन कारोबार अन्तगतका धितोपत्रहरु बिक्रि गरि प्रथम पक्षले तत्काल मार्जिन ऋण राफसाफ गर्नेछ ।
५. बुँदा नं. ४ अनुसार समायोजन गरिसकेपछि पनि यदि दोस्रो पक्षले अझै प्रथम पक्षलाई बक्यौता रकम तिर्नुपर्ने देखिएमा दोस्रो पक्षले सो रकम तत्काल चुक्ता गर्नेछ । प्रथम पक्षलाई तिर्नु बुझाउनुपर्ने सबै रकमहरु पूरै चुक्ता भइसकेपछि बाँकि रहेको धितोपत्र प्रथम पक्षले बाँकी रकम दोस्रो पक्षलाई उपलब्ध गराउनेछ ।

**७) सूचना तथा संचारहरु**

१. यो सम्झौतासँग सम्बन्धित कुनै पनि सूचना वा अन्य संचारहरु एक पक्षले अर्को पक्षलाई दिनुपर्ने भएमा उक्त सूचना वा संचार लिखित रुपमा पक्ष विशेषले तल आफ्नो नामको छेउमा दर्ज गरेको ठेगानामा व्यक्तिमार्फत बुझाएमा वा भरपाईसहितको फ्याक्स प्रसारणबाट वा पूर्वचुक्ता रजिष्टरी हुलाकबाट वा इमेलबाट पठाएकोमा विधिवत् पठाएको र बुझिलिएको मानिनेछ ।

**क) प्रथम पक्षलाई पठाउनुपर्ने सूचना वा संचारको हकमा :**

ठेगाना : ....................................................
फ्याक्स : ....................................................
इमेल : ........................................................
मोवाईल नः..................................................

**ख) दोस्रो पक्षलाई पठाउनुपर्ने सूचना वा संचारको हकमा :**

ठेगाना : ....................................................
फ्याक्स : ....................................................
इमेल : ........................................................
मोवाईल नः..................................................

**८) ग्राहकको गोपनीयता**

नियमनकारी निकायले मागेको अवस्था, कानूनी रुपमा आवश्यक परेको अवस्थामा तथा दोस्रो पक्षले सहमती जनाएको अवस्थामा बाहेक प्रथम पक्षले दर्ता फारममा लेखिएका दोस्रो पक्षका विवरणहरु वा निजसँग सम्बन्धित जानकारीहरु गोप्य राख्नु पर्नेछ ।

**९) कानून बमोजिम हुने**

१. यस सम्झौताबमोजिमको प्रथम पक्षले दोस्रो पक्षलाई उपब्ध गराएको ऋण तथा सो संग सम्बन्धित लेना असुल उपर बाधा सृजना नहुने अवस्थामा बोर्ड, नेप्से तथा अन्य नियमनकारी निकायले दिएको निर्देशन यस सम्झौताको अंग हुनेछ ।
२. पक्षहरुको बिचमा बिबाद भएमा मार्जिन कारोबार सुविधा सम्बन्धी कार्यबिधि २०७५ अनुसार समाधना गरिनेछ ।
३. यस सम्झौतामा उल्लेख नभएका बिषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

(प्रथम पक्षका लागि वा निजको तर्फबाट)

**हस्ताक्षरः:** .....................

नाम.......................................

(दोस्रो पक्षका लागि वा निजको तर्फबाट)

**हस्ताक्षरः:** .....................

नाम.......................................

(प्रथम पक्षको रोहबर साक्षी)

**हस्ताक्षर :** .......................
नाम :.....................................
ठेगनाः ...................................

(दोस्रो पक्षको रोहबर साक्षी)

**हस्ताक्षर :** .......................
नाम :.....................................
ठेगनाः ...................................

## अनुसूची -५

## दफा - १९ (२) सँग सम्बन्धित

## सदस्य दलाल व्यवसायीले नेप्सेमा पेश गर्नुपर्ने दैनिक प्रतिवेदनको ढाँचा

सदस्य दलालको नाम:                                                            सदस्यता नं.

| लगानीकर्ताको नाम/संकेत नं. | स्थायी लेखा नं. | सूचीकृत संगठित संस्थाको नाम | शेयरको किसिम | शेयर संख्या | सदस्य दलाल व्यवसायीले लगानी गरेको रकम |
|---|---|---|---|---|---|
| | | | | | |

# अनुसूची -६

## दफा - १९ (३) सँग सम्बन्धित

## नेप्सेले सम्प्रेषण गर्नुपर्ने सूचनाको ढाँचा

| सूचीकृत संगठित संस्थाको नाम | शेयरको किसिम | कुल शेयर संख्या | सम्पूर्ण सदस्य दलाल व्यवसायीहरुले लगानी गरेको कुल रकम |
|---|---|---|---|
| | | | |